कविता अंक

प्रथम संस्करण, साउन १७

सारांश

"The Essence of Our Journey"

सम्पादकः
प्रसन्न पौडेल
दिब्यांक तामाङ



पिँजडाभित्रको चरी

अश्री प्रधान, १०

अब सहन्न म यो बन्धन,
यो फलामे पिँजडा तोड्नेछु।
काटिएका यी मेरा पखेटाहरू
जोडेर आकाशतिर उड्नेछु।
अरूको नाममा मेरो पहिचान गर्ने
कसैको अधिकार छैन।
कसैको इसारामा नाच्ने
म कुनै पराधीन पनि हैन।
कति सुन्नु "खुबी के हो तेरो" भनी
खोधिने तिखो प्रश्न यहाँ,
मेरो आत्मसम्मान र स्वतन्त्रता हराएको छ
आखिर कहाँ?
अरूको इसारामा नाच्नु मेरो लक्ष्य हैन,
मलाई त आफ्नै आकाश चाहिन्छ।
पहिले त लाग्थ्योअब त लाग्छ
यो थुनिएको चरीले
पिँजडाभित्र जीवन काट्छ।
विश्राममा बिराउँछ!
लागेका यी सबै बन्देजहरू, म सबै पन्छाउनेछु,
आफ्नै आँटले नयाँ गन्तव्य पछ्याउनेछु
निभ्न दिन्न मेरा बलेका सपनाहरू,
आँसुलाई मेरो शक्ति बनाउनेछु,
पर्ख पर्ख हे पापी संसार,
म एकदिन पक्कै उड्नेछु।

विदेशको पीडा

आरब तिमिल्सिना, १०

रित्तो खल्ती र आमाको आँसुले कोरिएको
मेरो जीवनको गोरेटो,
जब मेरो भाग्यरेखा सँग ठोक्किन आउँछ,
तब मेरो सपनाहरू मलामी बनेर जान्छन्।
मलाई रहर छैन,
सगरमाथाको स्वतन्त्र आकाश छोडेर
आँगनमा तुलसी बास्ना
र देउरालीको सितल छहारी विर्सेर
कर्णाली र कोसीको पवित्र जल त्यागेर,
त्यो मरुभूमिको तप्त भिरमा

आफ्नो रङ्गिन सपना पग्लनु रहर छैन
आफैँले कोरेको यो देशको नक्सा छोडी जान,
तर, भोकले रहर चिन्दैन
जिम्मेवारीले उमेर हुर्कँदै गयो,
त्यसैले मुस्कान ओठमै थुनियो,
आँसु आँखा भित्रै लुकाइयो।

कति रुन्छ होला यो देश
आफ्नै सन्तानलाई बिदाई गर्दा,
कति एक्लिन्छ होला आमाको मन,
खाली भएको कोठा तिर हेर्दा,

हरेक बिहान पसिनाको हिसाब,
हरेक रात सम्झनाको किताब,
घरबाट शरीर मात्र होइन
आत्मा र मन पनि टाढिँदै गएको छ।
रहर छ आफ्नै ज्ञहेरञ्ज माटोमा फर्किन,
निधारभरि रातो टिका लगाउन,
सजाउन, आँगनलाई उज्यालो बनाउन,
फेरि हेर्नुछ, देख्नुछ त्यो अग्लो सगरमाथा,
त्यो कलकल बग्ने सप्तकोसी,
र त्यो सुन्दर घरको मुल ढोका.
फेरि सुन्न छ मादल र पन्चबाजाको धुन
फेरि गाउनु छ राष्ट्रगान

कसले बनायो देश

किरण राई, ८

जब खोज्छु, मेरा तिम्रा भाग्य विधाता
जब खोज्छु यो देशका निर्माता
देखि देखिन्न कुनै चिनो आँखा
न त कुनै देश देख्यो नाक यहाँ

मेरा यलम्बरका पराक्रमका गाथा
पर्दछु पर्दछु कुनै बैरीको घेरामा
तब प्रश्न एक घुम्छ मस्तिष्कमा
को हो यो देशको निर्माता ?

भूपिका कविता सुन्दै जान्छु बाटोमा
सोध्छु कहाँ हराए काले राई यो माटोमा
दगुर्छु खोज्दै त्यही इतिहासका पाना
कसले रोप्यो यो देश फलाउने दाना ?

बोकेर पारुहाङको आस्था अंकित प्रतिमा
मानेर सुम्निमा र प्रकृतिलाई देवता
सुन्छु चारैतिर बजेको बिनायो
तब सोध्छु यो देश कसले बनायो ?

बिसे नगर्चीले सिलाएको यो देशमा
कहाँ छ उनका सन्तानले टेक्ने माटो यहाँ
तेन्जिङले चढेको सगरमाथाको चुचुरोमा
किन अडिन सकेन कुनै अर्को शेर्पा यहाँ

भानु बाजे जस्तै थिए विद्यापति पनि
किन लेखिन्न उनको साहित्य कही ?
भिमसेन जतिकै थिए गगन सिंह नि
किन लेखिन्न उनको गौरव गाथा कहि ?

भए सहिद दुर्गानन्द झा पनि
किन लेखिन्न उनको बलिदान काहिँ?
खै कुन कुनामा बिलायो
इतिवृतान्त फाल्गुनन्द सत्यहाङ्मा बनेको
मेरा कमिला जस्ता पुर्खाले
यो देशको धरा खनेको

विद्रोहको अग्रपंक्तिमा मेरै लास छ
तर पनि अझै मेरै सन्तान दास छ
मेरै हत्केलाले सिर्जेको मूर्ति यो
कसरी मै शिल्पीको आज देह आज अछुत भयो ?

ढाका टोपीको बिचमा
म खोज्छु सिलाम साक्मा
गुन्युचोलीको ठाउँमा
म खोज्छु हाकु पटासी
म खोज्छु सुदुरको कर्णाली
खोज्छु दुरको सभ्यता किराती
जब खोज्छु, मेरा तिम्रा भाग्य विधाता
जब खोज्छु यो देशका निर्माता
देखिदैन कुनै चिम्से आँखा
न त कुनै थेप्चो नाक यहाँ



मेरो मार्ग दर्शक

परिधि कार्की, ८

मेरो जीवनको परमेश्वर तिमी,
अन्तिम पाठको लेखक पनि
मनको प्रत्येक धड्कन तिमी,
जीवनका हरेक चरणमा प्रेरक तिमी।

कोही ठान्छन् तिमीलाई अलौकिक,
त कोही राख्छन् अगाध श्रद्धा
जब निसास्सिएको हुन्छु बगाई आँसुका धारा,
तब लगाई थकानमा बिर्को लाग्छौ दुःख सारा

खोज्छन् पुकारी अल्लाह,
भगवान्, येशू, बुद्ध,
तर आफूमा खोजे भेटिन्छ ईश्वर परम शुद्ध
उतार चढाव जे परे तिम्रै निम्ति शिर झुकाउँछु,
दिनमा हराएको उल्लु झैँ महसुस गर्दा तिमीमै
आफू भेटाउँछु।

हुन्छ राख्छन् होला धार्मिकता सबैमा,
परन्तु म आस्था राख्छु शैवमा
वैराग्य हौ तिमी नै प्रभु!,
यो शून्य अध्यारोमा ज्योति हौ तिमी प्रभु!

कालान्तर आस्था मेरो हट्दैन तिम्रो निम्ति,
अन्तिम सासमा पनि पुकार्नेछु मेरो भक्ति यति
दुःख सुख हर घडी तिम्रै गीत गाउँछु,
तिम्रै कारणमा म अलौकिक आनन्द पाउँछु।

तिमी जलमा छौ, थलमा छौ,
वृक्ष अनि वायुमा छौ,जन्ममृत्यु,
संघर्षहरू जीवका आयुमा छौ
यो निधारमा तिम्रै करुणाको चन्दन घस्दछु
बिहान दिवा साँझ तिम्रै नाम जपी बस्दछु।

सदासन्मार्गमा हिड्न सक्ने काबिल बनाइदेउ।
हे प्रभु! मेरो मगजमा सत्यका सुगन्ध छाइदेउ
संसारका सारा बाटाहरू बन्द भए पनि तिम्रा
चरणमा मेरो अन्तिम शरण होस्
केवल मुखौटा हो यो गगन त
मात्र तिमी हौ सत्य स्वरूप त
ए मेरो मार्गदर्शक,
मलाई जीउन सिकाई देउ
तिम्रो महिमा त छ अपरम्पार
तिम्रै नामले चल्छ मेरो यो संसार
रंग भरेका छौ यो विश्वको चित्रमा अचिन्त्य
लाग्छ मलाई देख्दा
शुन्यमा अडिएको यो सृष्टि
यो ब्रम्हाण्डमा के चाहि छैन ?

एकातिर दिव्य छ प्रकाशको रूप
अर्कोतिर छ तामसीको भयानक स्वरूप
धर्ती र आकाशको वियोग हुँदा पनि
सियो र धागो झै मलाई जमिनसँग अविच्छिन्न
राख्छौ केवल मुखौटा हो यो गगन त
मात्रै तिमी हौ सत्य स्वरूप त
यो संसारको गर्जन शुन्य प
र्छ जब तिम्रो आवाज उठ्छ म त बिलिन हुन्छु
प्रभु तिम्रै दिव्य ज्योतिमा सधैं गुडिरहोस्
मेरो जीवन तिम्रै भक्तिमा



कवि भानुभक्त

अंशु बडाल, ४

भानुभक्त नेपाली भाषाका आदिकवि
भानुभक्त उज्याला रवि!
मिठा शब्दको माला उने
ज्ञानको ज्योति मनमा चुने!!

साधारण जनले बुझ्ने भनी
नेपाली भाषा रोज्ने उनी!
भाषा साहित्य र संस्कृतिमा
अमिट छोडे इतिहासमा!!

रामायणलाई अनुवाद गरिकन
बुझाए सबै हिन्दुहरूको मन!
गाउँघरमा फैलाए ज्ञान
नेपाली भाषा आफ्नै पन!!

उनका शब्द अमर बने
सबका मनमा सधैँ रहे!
भानुभक्तको कीर्ति महान्
नेपाली गौरव नेपाली शान!!

नयाँ दिन

रोजिन गुरूङ, १०

नयाँ दिन छ, क्या दिन छ!
नयाँ दिनले क्या दिन्छ ?
उहि क्यालेन्डरमा उहि काला अक्षर
अक्षरभित्र जिन्दगीको हिसाब नमिलाउने
म निरक्षर
जब आइपुग्छ
पृथ्वी मारी एक फन्को मारी सुर्यको
आफ्नै अक्षमा
म मारी एक फन्को राजधानीको
आइ पुगे आफ्नै कक्षमा
दुर्भाग्य न पृथ्वी भेट्छ नयाँ
न म भेट्छु केहि यहाँ!

मेरो विदेशिएको दाई

अनुशा नेपाली, ७

मेरो प्यारो दाइ विदेश जानुभयो,
सुनौलो सपना बोकी टाढा पुग्नुभयो,
घर आँगन आज सुनसान जस्तो लाग्छ,
दाइको सम्झनाले मन बारम्बार रुन्छ।

परदेशमा रहे पनि नबिर्सनु घर,
आमाबुबाको माया छ सधैँभरि अमर
मेहनत गरी सपना सबै पूरा गर्नु,
सुख र सफलताको शिखरमा पुग्नु।

टाढा भए पनि मन नटाढियोस्,
दाईको जीवन सधैँ खुसीले भरियोस्
हामी यहाँ सधैँ प्रतीक्षा गर्नेछौँ,
तपाईंको सफलतामा गर्व गर्नेछौँ।

